# सानोमा सुनेको रेडियोको कथा

**खगेन्द्र सङ्ग्रौला**

मेरो सम्झनाको पर्दामा म सानो छँदा रेडियो सुनेको सम्झना धमिलो मात्र छ। अनुमानले यो तेह्र-चौध सालतिरको कुरा हुनुपर्छ। त्यो बेला त्यस्तै दस-एघार वर्षको थिएँ म। मलाई लाग्छ, मैले रेडियो देखेको र सुनेको त्यसैताक हो। पाँचथर जिल्लामा सुभाङको मेरो गाउँ गुरुङछापमा नै त्यो औसर जुरेको हो मलाई।

साइनोले मेरा काका पर्ने, निधार मुजा पार्दै आँखा झिम्झिम् नचाइरहने एक जना हुनुहुन्थ्यो– डम्बरप्रसाद सङ्ग्रौला। हाम्रा बा उहाँलाई डाँडाघरे साइँलो भन्नुहुन्थ्यो। कोहीकोही उहाँलाई साइँला मुखिया पनि भन्थे। उहाँको घरको पिँढीमा, खाटमाथि भित्ताका खोपामा ठूलो बाकस थियो। खैरो काठको फ्रेम भएको त्यो बाकसको नाउँ 'रेडुई बाजा' थियो। मैले जीवनमा पहिलो पटक देखेको रेडियो त्यही रेडुई बाजा हो।

पहिलो पटक मैले रेडुई बाजा सुनिनँ, छक्क परेर त्यसलाई हेरिमात्र रहेँ। बाकस ठूलै भए पनि त्यो मानिस अटाउने गरी ठूलो थिएन। त्यति सानो ठाउँमा मानिस कसरी अटाएर बसेको होला ? ठाउँ साँगुरो भएर त्यो कसरी डल्लो

परेको होला ! त्यसका हातगोडा कति साह्रो कुँजिएका होलान् ! त्यसलाई त्यहाँभित्र कति बिधि निसास लागेको होला ! थुनुवा बिचरा ! रेडुई बाजासँग पहिलो पटक साक्षात्कार हुँदा कलिलो उमेरको मेरो कल्पनाशील मनमा यस्तैयस्तै कुरा खेलिरहे । रेडुई बाजा भाका हालेर गीत गाइरहेको थियो, मलाई भने अचम्मको बेचैनी अनुभव भइरह्यो ।

मलाई जान्नेसुन्ने जुँगामुठेहरूलाई सोध्न मन लागेको थियो– त्यति सानो ठाउँमा त्यो गीत गाउने रौसे लाठे कसरी अटाएको हो ? तर सोध्न आँटै आएन । समयको क्रममा क्रमशः मेरो जिज्ञासा आफै थकित भयो । र, म रमाएर गीत सुन्ने भएँ । कुन गीत कुन सालमा सुनेको हुँ, मलाई समयक्रमको हेक्का छैन । तैपनि मलाई तिनताक तीनओटा गीत सुनेको सम्झना छ । पहिलो गीतको बोल 'क्रान्तिकारी हे वीर क्याई सिं, कहाँ गयौ झ्यालखानै तोडेर' भन्ने थियो । दोस्रो गीतमा तेन्जिङ शेर्पाको गौरवगाथा गाइएको थियो जसको बोल थियो– 'हाम्रो तेन्जिङ शेर्पाले चढ्यो हिमाल चुचुरा' । तेस्रो गीतको एक अंशमा 'मुत्दा भिज्यो जाङ्गे' भन्ने नाङ्गो वाक्यांश थियो । त्यो गीत सुनेर आइमाईहरू लजाउँदै र सप्कोले मुख छोप्दै पन्छिन्थे । रेडियो सुन्दाको मेरो प्रारम्भिक अनुभव यही हो ।

रेडियोमा एक प्रकारको सङ्गीतको धून बज्न थालेपछि "ए खबर आउने बेला भएछ, बन्द गर्दे, ब्याट्री सकिन्छ" भनेर डम्बर काका छोरालाई अह्राउनुहुन्थ्यो । त्यो रेडुई बाजा खबर हैन, केवल गीत सुन्नको लागि थियो । जहाँ सूचनाले शक्तिको काम गर्दैन, त्यहाँ सूचित हुनुको कुनै अर्थ हुँदैन । निकै वर्षपछिसम्म पनि धेरैजसो रेडियोपतिले गाउँमा खबर सुन्नमा खासै चाख नराखेको कुराको मलाई सम्झना छ ।

तर रेडियोको खबर पूर्ण रूपमा बहिष्कार गरिएको भने थिएन भन्ने तथ्यको साक्षी हाम्रा बा हुनुहुन्थ्यो । बा कहिलेकाहीँ कतै कसैको रेडियो सुनेर बडो उत्साहपूर्वक सूचना फिँजाउँदै घर आउनुहुन्थ्यो । मेरो अनुमानमा त्यो खबरसमेत सुनिने रेडियो कुनै लाहुरेको हुनुपर्छ । बा भन्नुहुन्थ्यो– "लौ, फलान्ठाउँमा कुइरेले बम खसालेछ । मान्छे भुसुक्कै मरेछन् !" बाको स्वभाव सूचना फिँजाउँदै हिँड्ने कटुवालको जस्तो थियो । सूचना फिँजाउँदै हिँड्दा बा आफ्नै वचनहरू सुनेर आफै आनन्दित भएजस्तो लाग्थ्यो मलाई ।

हो, तिनताक हाम्रो गाउँमा सूचनाले शक्तिको रूप धारण गरेको थिएन । तर रेडियो स्वयं नै एउटा ठूलो शक्ति थियो । जसरी राजाका लागि राजदण्ड शक्तिको प्रतीक हुन्छ, त्यसैगरी रेडियोपतिका लागि रेडियो शक्तिको प्रतीक थियो । रेडियोले गाउँको आर्थिक-सामाजिक सत्तामा रेडियोपतिको प्रभाव

र प्रभुत्वलाई थप प्रबल तुल्याइदिन्थ्यो । रेडियोपतिलाई लक्ष्य गरेर रेडुई मुखिया भनेको सुनेपछि एक किसिमले गाउँ नै हल्लिन्थ्यो ।

केही समयपछि अर्थात् पन्ध्र सालको आम चुनावभन्दा केही महिनाअघि मैले कुममा झुण्डचाउन मिल्ने लघु आकारको रेडियो देखेँ । त्यो मलायाका लाहुरेले ल्याएको रेडियो थियो– हल्याण्ड फिलिप्स । लाहुरेका लागि त्यो रेडियो आफ्नो लाहुरेत्व प्रदर्शन गर्दै तरुनीहरूलाई आफूतिर खिच्ने जादूगरी माध्यम थियो । हाट भर्न जाँदा लाहुरे सकेसम्म ठूलो स्वरमा रेडियो घन्काउँथ्यो, रेडियोको आवाजसँगै सेरोफेरोको सिङ्गो परिवेशमा उसको व्यक्तित्वको बिस्तार हुन्थ्यो, र लाहुरेलाई समाजले जीवनको एक आदर्श नायकका रूपमा हेर्थ्यो । मैले रेडियोमा पहिलो पटक खबर सुनेको लाहुरेकै लघु रेडियोबाट हो । खबरमा के थियो मलाई सम्झना छैन ।

पछि आम चुनावसँगै हाम्रो गाउँमा सूचनाले शक्तिको रूप धारण गर्न थाल्यो । चुनाव प्रचारको अभियानमा गाउँमा काङ्ग्रेस पार्टी आयो । काङ्ग्रेस पार्टीको आगमनसँगै गाउँमा विश्वेश्वरप्रसाद कोइरालाको नाम सुनियो । लाउड स्पिकर भन्ने हेमानको ढ्वाङ्मा 'भोट खसाउने भोटर बक्सको, रुखको चिनो नेपाली काङ्ग्रेसको' भन्ने चुनावी गीत गाउँभरि गुञ्जायमान भयो । ढ्वाङ्मा त्यो गीत गाएर बक्सिसको रूपमा मिठाई खान पाएको सुखद् सम्झना मेरो स्मृतिपटमा अझै सजीव छ ।

आम चुनावअघि गाउँको सेरोफेरोभन्दा परको सूचनाको गाउँमा कुनै अर्थ थिएन । तर चुनाव आएपछि भने स्थिति फेरियो । राजनीति, राजनीतिक पार्टी, चुनाव, भोट खसाएर जनताले चुन्ने जनताको सरकार आदि विचार र धारणाहरू गाउँमा फिँजिए । चुनावमा कसले जित्यो र कसले हार्‍यो भन्ने कुरा जान्न रेडियोमा कान थाप्न थालियो । वास्तवमा पन्ध्र सालको चुनाव मेरो गाउँका लागि नवजागरणको पहिलो अध्याय सरह नै भयो ।

सानो छँदा मैले रेडियो सुनेको यसरी नै हो ।